# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०६।२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------

महानगरीय प्रहरी प्रभाग, काँडाघारी, काठमाडौंमा कार्यरत प्रहरी जवान मान सिं रोका र प्रहरी जवान रत्नप्रसाद रिजाल समेतले गिट्टी बालुवाको व्यवसाय गरी बस्ने बेचबिखन गर्ने व्यवसायीलाई डरत्रास देखाइ बिभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले प्रहरी जवान मान सिं रोकालाई रु.५,०००।-(पाँच हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा प्रहरी जवान मानसिं रोकाले घुस रिसवत लेनदेन कार्यमा प्रत्यक्ष संलग्न भइ घुस रिसवत लिएको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु.५,०००।-(पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन तथा प्रहरी जवान रत्नप्रसाद रिजाल व्यवसायीसँग घुस बापत रु.२,०००- (दुई हजार) माग गरेको तर उक्त रकम लिन नपाउदै पक्राउ परी आएकोमा निजले घुस रिसवत लिने खाने काम गरेको नदेखियता पनि निजले घुस रिसवत लिने कार्यको उद्योग गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २१ को कसुर गरेको तथ्य पुष्टी हुन आएकोले निजलाई रु.२,०००।- (दुई हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम हुने सजायमा सोही ऐनको दफा २१ बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता